# भोटखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
## हटिया,संखुवासभा

प स.०७७/०७८
च.नं. ९९६

१ नं प्रदेश,नेपाल ।
मिति :२०७८/०३/२२

श्री भोटखोला गाँउपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरु ।
भोटखोला गाँउपालिका ५ वटै वडाहरु, संखुवासभा ।

**विषयः विद्यालयको पठन पाठन संचालन सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोभिड १९ कोरोना भाइरसको कारणले गर्दा विद्यालयको पठन पाठन कार्य भौतिक उपस्थितीमा संचालन गर्न नसकिरहेको अवस्थामा यस भोटखोला गाउँपालिका अन्तरगतका सबै सामुदायिक विद्यालयहरुले यस अगाडि नै जारि गरेको निर्देशन र परिपत्र अनुसार विद्यालयहरुले सम्पुर्ण शिक्षक तथा कर्मचारीहरुलाई उपस्थित गराई २०७८ साल असार मसान्त सम्म विद्यार्थी भर्ना गरि हिँउदे विदा हुने विद्यालयहरुले २०७८ साल श्रावण १ गते देखि र वर्खे विदा हुने विद्यालयहरुले श्रावण १५ गते देखि सिकाई सहजिकरण कार्यक्रम संचालन गर्नुहुन पुनः अनुरोध गरिन्छ । हाल आएर कतिपय विद्यालयमा शिक्षक तथा कर्मचारीहरुको उपस्थिती नभएको देखिएकोलेविद्यालयका शिक्षक तथा कर्मचारीहरु अनिवार्य रुपमा विद्यालयमा उपस्थित गराई सो कार्यक्रममा सहभागी  गराईदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

चन्द्र कुमारी राई
अधिकृत
शिक्षा,युवा तथा खेलकुद शाखा

चन्द्र कुमारी राई
शिक्षा अधिकृत

# भोटखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## हटिया, संखुवासभा

प स.०७७/०७८ — १ नं प्रदेश, नेपाल ।
च.नं. ५५५ — मिति :२०७८/०३/२२

श्री भोटखोला गाँउपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयहरु ।
भोटखोला गाँउपालिका ५ वटै वडाहरु, संखुवासभा

**विषयः निर्देशन कार्यान्वयन गराउने सम्बन्धमा**

प्रस्तुत विषयमा यस भोटखोला गाउपालिका अन्तरगत सबै सामुदायिक विद्यालयहरुले शैक्षिक सत्र २०७८ सालबाट थप शैक्षिक गुणस्तर कायम गर्नको लागि सबै विद्यालयका प्रधानाध्यापक तथा शिक्षक स्टाफले १५ बुदे निर्देशन पालना गर्न र गराउनु हुन निर्देशन जारी गरिएको छ । उल्लेखित निर्देशनहरु अनिवार्य रुपमा पालना गर्न गराउनु हुन हार्दिक अनुरोध गरिन्छ ।

चन्द्र कुमारी राई
शिक्षा अधिकृत
शिक्षा,युवा तथा खेलकुद शाखा

भोटखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
हटिया, संखुवासभा

प स.०७७/०७८ १ नं प्रदेश, नेपाल ।

**निर्देशनहरु :**

१. भोटखोला गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले माग गरेका आवश्यक कागजपत्रहरु समयमा नै पेश गर्ने,

२. कोभिड १९ को कारणले विद्यालयको भौतिक उपस्थितीमा पठन पाठन संचालन गर्न नसकेतापनि सम्पुर्ण शिक्षक तथा कर्मचारीहरु अनिवार्य रुपमा विद्यालयमा उपस्थित गर्ने गराउने,

३. प्र.अ. तथा शिक्षकहरुले का.स.मु, सम्पत्ति विवरण, निकाशा लगायतका अन्य कागजपत्रहरु अनिवार्य रुपमा समयमानै पेश गर्ने यदि ढिला भएमा शिक्षा शाखा जवाफदेही नहुने,

४.यस गाउँपालिका भित्र कार्यरत अस्थायी करार शिक्षक तथा कर्मचारीहरुको अनिवार्य रुपमा समिक्षा एवं कार्य क्षमताको मुल्याङ्कन समेत गरि वि.व्य.सको निर्णयबाट पुनः १/१ वर्षको करार थप गर्ने, यदि सेवाबाट हटाउनु परेमा उपयुक्त कारण सहित शिक्षा शाखामा निर्णय सहित जानकारी पेश गर्ने,

४. सम्पुर्ण शिक्षक विद्यार्थीहरु विदाको समय बाहेक अनिवार्य रुपमा १०: ०० बजे नै विद्यालयमा उपस्थित भई विदा नभइन्जेल विद्यालयमा नै रहेर शिक्षण कार्यमा व्यस्त रहने,

५. शिक्षक तथा कर्मचारीहरु धेरै विदामा बस्दा विद्यालयको पठन पाठनमा समस्या आउने भएकोले अनिवार्य रुपमा विदामा बस्दा प्र.अ.ले वि.व्य.स .अध्यक्ष समक्ष कट्टी गर्नुपर्नेविदाको शिर्षक खुलाई लिखित निवेदन पेश गर्ने र अन्य सहायक शिक्षकले प्र.अ.समक्ष लिखित निवेदन पेश गर्ने,

६. प्र.अ.शिक्षक तथा कर्मचारीहरु ७ दिन भन्दा बढि विदामा बस्नु परेमा वि.व्य.सको अध्यक्ष सामु लिखित निवेदन पेश गर्ने र स्वीकृत भएपछि मात्र विदाको व्यवस्था लागु हुने,

७. विद्यालयको प्र.अ.ले तोकिएको विदा बाहेक ७ दिनसम्मको विदा स्विकृत गर्ने र विद्यालयको हाजिरी चुस्त दुरुस्त रुपमा अद्यावधिक गर्ने,

८. प्र.अ., शिक्षक तथा कुनै कर्मचारी कुनै प्रकारको परीक्षामा सहभागी हुनु परेमा लिखित रुपमा कुनै आधार (जस्तै : रिर्पोट, प्रवेशपत्र) पेश गर्ने र मानसिब देखिएमा विद्यालयबाट परिक्षा शुरु हुनु भन्दा ४ दिन अगाडि विदाको व्यवस्था गर्ने,

चन्द्र कुमारी राई
अधिकृत
शिक्षा,युवा तथा खेलकुद शाखा

भोटखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
हटिया, संखुवासभा

प स.०७७/०७८ १ नं प्रदेश, नेपाल ।

९. कुनै कर्मचारी शिक्षक तोकिएको विदा बाहेक विदामा बसेको वा विदा लिएको अवस्थामा क्या.वि., पर्व विदाबाट कट्टी गर्दै जाने र यदि सो विदा खर्च भइसकेको अवस्थामा विरामी विदाबाट विदा कट्टा गरि जनुसुकै वखत पनि अनुगमन गर्न सकिने भएकोले चुस्त दुरुस्त विद्यालयले अभिलेख राख्ने,

१०. विद्यालयको प्र.अ., शिक्षक र कर्मचारीको संचित विरामी विदा समेत खर्च गरिसकेको अवस्थामा प्रति दिन अनुपस्थित रहेको दिन गन्ती गरि तलव भत्ता कट्टी गरेर निकाशा माग गर्ने,

१०. विद्यालयमा उपस्थित हुदाँ अनिवार्य रुपमा पोशाक लगाउने,

११. विद्यालयको पठन पाठन कार्यमा नविन आधुनिक सामग्रीहरुको प्रयोग गर्ने गराउने,

१२. विद्यालयमा विद्यार्थीहरुको सर्वाङ्गीण विकासको लागि विभिन्न अतिरिक्त क्रियाकलापहरु संचालन गर्ने गराउने ,

१३. विद्यालयमा आफ्नो पिरियड र घण्टीको समयमा मोवाइल फोन प्रयोग नगर्ने,

१४. विद्यालयले सकेसम्म व्यवस्था भएमा ई हाजिरीको प्रयोग गर्ने,

१५. विद्यालय संचालन भइरहेको समयमा यदि कुनै विद्यालयका प्र.अ., शिक्षक तथा कर्मचारीहरु विदामा बसेको बाहेक अन्य कार्यमा संलग्न भएको पाइएमा वा माथि उल्लेखित निर्देशनहरु पलना नगरेको नगराएको पाइएमा शिक्षा, युवा तथा खेलकुद शाखाले विद्यालयका प्र.अ. र वि.व्य.स समक्ष थप आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

चन्द्र कुमारी राई
अधिकृत
शिक्षा,युवा तथा खेलकुद शाखा

~~शिक्षा अधिकृत~~